ज मिति २०७८/०२/१९ गते दिउसोको १:०० बजे पचरौता न.पा.को राजस्व परामर्श मेतिको मिति २०७४-०९-०६ गतेको निर्णय नं. १ मा उल्लेख भए अनुसार संयोजक ज्यू कुनै रण वस बैठकमा अनुपस्थित भएमा यस समितिको जन निवार्चित ज्येष्ठ सदस्यको अध्यक्षतामा क संचालन गर्ने निर्णय तथा यस नगरपालिकाको नगरकार्यपालिका बोर्डको मिति २०७६-०३- ७ गतेको निर्णय नं. २ मा समेत ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक संचालन गर्ने भनि निर्णय भए मोजिम आजको बैठकमा यस समितिको संयोजक श्री इन्दु कुमारी ज्यू अनुपस्थित रहेकोले यस मतिको ज्येष्ठ सदस्य श्री मनोज कुमार यादवको अध्यक्षतामा यस पचरौता नगरपालिका सभा क्षमा तपसिल बमोजिमको उपस्थिति भई निम्न बमोजिमको निर्णय गरियो।

पस्थिति

ईन्दु कुमारी – संयोजक — अनुपस्थित

मनोज कुमार यादव – सदस्य

मधु देबि कलवारिन – सदस्य

श्याम प्रसाद यादव– सदस्य

बृजा प्रसाद बरै– सदस्य सचिव

मन्त्रित

| | | |
|---|---|---|
| प्रमोद प्रसाद यादव | शिक्षा संयोजक | |
| नवल किशोर यादव | स्वा.शाखा प्रमुख | |
| हासिम मिया अंसारी | लेखा प्रमुख | |
| दिपक प्रसाद चौधरी | क.अ. | |

प्र.सं. १:- करको दर सम्बन्धमा ।

नि.नं.१:- आ व २०७८/०७९ मा करको दर निम्न बमोजिम निर्धारण गरि सोही बमोजिम करको दर निर्धारण गर्ने ही बमोजिम कर लिनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

# पचरौता नगरपालिकाको आर्थिक ऐन २०७८

पचरौता नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना:

पचरौता नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार संचालन ऐनको दफा ५४ बमोजिम पचरौता नगरपालिकाको नगर सभाले यो ऐन वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि पचरौता नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. सम्पति कर: (१) नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) वमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको एकीकृत सम्पति कर असुल उपर गर्नु अघि नगरक्षेत्र भित्रका जग्गाहरु र घर भवन लगायत भौतिक संरचनाहरूको वर्गीकरण गरी मूल्याङ्कन गर्ने तथा संरचनाहरूको ह्रास कट्टी दर नगर कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

३. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल कर: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय कर: नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) वमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (५) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार वहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

७. पार्किङ शुल्कः नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (६) वमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (७) वमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सेवा शुल्क, दस्तुरः नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. सवारी साधन करः नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (९) वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

९. विज्ञापन करः नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (१०) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

१०. कर छुटः यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

११. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५५) बमोजिम

## वार्षिक एकिकृत सम्पत्ति करका दरहरू

| सि.नं. | करयोग्य एकीकृत सम्पत्तिको मूल्यांङ्कन | एकीकृत सम्पत्ति करको दर | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | रू. ५ लाख सम्म एकमुष्ट | ५०।- | एकमुष्ठ पचास रूपैयाँ मात्र |
| २ | रू. ५ लाख देखि माथि ५० लाख सम्म प्रतिलाख | १०।- | दश रूपैयाँ प्रतिलाख |
| ३ | रू. ५० लाख देखि माथि २ करोड सम्म प्रतिलाख | २०।- | वीस रूपैयाँ प्रतिलाख |
| ४ | रू. २ करोड देखि माथि ३ करोड सम्म प्रतिलाख | २५।- | पच्चिस रूपैयाँ प्रतिलाख |
| ५ | रू. ३ करोड देखि माथि ५ करोड सम्म प्रतिलाख | ३०।- | तीस रूपैयाँ प्रतिलाख |
| ६ | रू. ५ करोड देखि माथि सवैमा प्रतिलाख | ४०।- | चालिस रूपैयाँ प्रतिलाख |

अनुसूचि-२

(दफा ३ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५६) बमोजिम

## वार्षिक भूमिकर तथा मालपोतका दरहरू

| सि. नं. | भूमिकर र मालपोतको विवरण | वार्षिक करको दर |
|---|---|---|
| आर्थिक वर्ष २०७५।७६ देखि यो करलाई एकिकृत सम्पत्ति करले विस्थापन गरेमा गत विगतको बक्यौता असुल गर्ने र सम्पति कर तथा मालपोत /भुमिकर दुवै लिनु पर्ने अवस्थामा मालपोतको लागि प्रथम नगरसभाबाट तोकेको दर अनुरुप नै असुल उपर गरिनेछ। | | |

अनुसूचि-३

(दफा ४ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५७) बमोजिम

## घरजग्गा वहाल करका दरहरू

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने घरजग्गा बहाल करको विवरण | आ.व. २०७७/७८ को लागि करको दर |
|---|---|---|
| १ | नगर क्षेत्रभित्रको घर, फ्ल्याट ,कोठा ,पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, पोखरी तथा जग्गा पूरै वा आंशिक रुपमा भाडा तथा लिजमा लगाएको मा सम्बन्धित धनीबाट बहाल रकमको | वार्षिक ४) चार (प्रतिशत |

अनुसूचि-४

(दफा ५ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५८) बमोजिम

**व्यवसाय करका दरहरू**

| सि.नं. | नगर क्षेत्रभित्र लगाईने व्यवसाय करको विवरण | वार्षिक करको दर | |
|---|---|---|---|
| | | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
| | | | |
| १ | व्यापारिक वस्तु | | |
| १.१ | चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा | | |
| | चुरोट, मदिरा पसल थोक )वितरक र डिलर समेत( | १२००।- | १२००।- |
| | चुरोट, मदिरा पसल खुद्रा | ८००।- | ८००।- |
| | सुनचांदी /ज्वेलरी पसल )निर्माण, मर्मत र खरिद बिक्री समेत( | ८००।- | ८००।- |
| | सुनचांदी/ज्वेलरी पसल )निर्माण र बिक्री मात्र( | ७००।- | ७००।- |
| १.२ | निर्माण सामाग्री, कम्प्युटर, बिद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुको थोक तथा खुद्रा ब्यापारमा | | |
| | निर्माण सामाग्री सिमेन्ट, रड, फिटिङ्स आदिको बिक्रेता (डिलर समेत) | २०००।- | २०००।- |
| | निर्माण सामाग्री सिमेन्ट, रड, कर्कटपाता, फिटिङ्स आदिको खुद्रा बिक्रेता | १०००।- | १०००।- |
| | कम्प्युटर बिक्रेता र बिद्युत सामाग्री बिक्रेता | ८००।- | ८००।- |
| | टि.भी., रेडियो, घडी तथा क्यामेरा (खुद्रा बिक्री तथा मर्मत) पसल | ७००।- | ७००।- |
| | कार्पेट तथा फर्निसिङ्गका सामाग्री बिक्रेता | ८००।- | ८००।- |
| | पेट्रोलियम पदार्थ बिक्रेता (पेट्रोल पम्प) | १००००।- | १००००।- |
| | ग्यास सिलिण्डर पेट्रोल मट्टीतेल बिक्रेता | ८००।- | ८००।- |
| १.३ | दैनिक उपभोगका खाद्य पदार्थ, सुती कपडा आदिको थोक तथा खुद्रा ब्यापारमा | | |
| | खाद्यान्न तथा किराना थोक पसल | १२००।- | १२००।- |
| | खाद्यान्न तथा किराना खुद्रा पसल | ८००।- | ८००।- |
| | कपडा पसल/रेडिमेड स्टोर्स श्रेणी थोक पसल | १२००।- | १२००।- |
| | कपडा पसल (थान) तथा सिरक, डसना, तकिया तयारी र बिक्री पसल | ८००।- | ८००।- |
| | कपडा पसल/रेडिमेड स्टोर्स | ८००।- | ८००।- |
| | स्टेशनरी, पुस्तक र पत्रपत्रिका पसल | ८००।- | ८००।- |
| | थोक तथा खुद्रा रेडिमेड जुत्ता चप्पल पसल बिक्रेता | ८००।- | ८००।- |
| | छाला जुत्ता चप्पल (स्थानीय निर्माण) बिक्री तथा मर्मत पसल | ७००।- | ७००।- |
| | पान पसल | ५००।- | ५००।- |
| | फलफूल तथा सब्जी पसल | ७००।- | ७००।- |
| | हल्का पेय पदार्थ बिक्रेता र कोल्ड स्टोर पसल | ८००।- | ८००।- |
| १.४ | गवारी साधन बिक्रेता | | |
| | मोटर साईकल, टेम्पो तथा साईकल बिक्रेता | २०००।- | २०००।- |
| | हेभी इक्विपमेन्ट, बस, ट्रक, ट्रयाक्टर तथा कार बिक्रेता | २०००।- | २०००।- |
| २ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा | | |
| | चिकित्सक, इन्जिनियर, लेखा परिक्षक | १०००।- | १०००।- |
| | कानून व्यवसायी/कानूनी सेवा [illegible] | १०००।- | १०००।- |

| | | | |
|---|---|---|---|
| | अनुसन्धानकर्ता तथा परामर्श दाता | १०००।- | १०००।- |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १०००।- | १०००।- |
| | बीमा एजेन्ट सर्भेयर अनुवादक आदि | १०००।- | १०००।- |
| | सामान ढुवानीकर्ता तथा कम्पनी/सप्लायर्स | १०००।- | १०००।- |
| | संघ संस्था सुचिकृत दर्ता शुल्क | ०० | ३००/- |
| | | | |
| ३ | **निर्माण व्यवसाय) नगरक्षेत्र भित्र ठेगाना भएको** | | |
| | निर्माण व्यवसाय दर्ता शुल्क | | ५०००। |
| | क श्रेणी नविकरण शुल्क | ४०००।- | ४०००।- |
| | ख श्रेणी नविकरण शुल्क | ३०००।- | ३०००।- |
| | ग श्रेणी नविकरण शुल्क | २०००।- | २०००।- |
| | घ श्रेणी नविकरण शुल्क | १०००।- | १०००।- |
| ४ | उत्पादनमूलक उद्योग | | |
| | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | १५००।- | १५००।- |
| | डेरी उद्योग | १०००।- | १०००।- |
| | घरेलु कुटिर उद्योग | ७००।- | ७००।- |
| ५ | उर्जामूलक उद्योग | | |
| | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | १०००।- | १०००।- |
| ६ | **कृषि तथा वनजन्य उद्योग (मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा)** | | |
| | फर्निचर उद्योग (निर्माण, खरिद तथा बिक्री) | १५००।- | १५००।- |
| | राइस मिल | ८००।- | ८००।- |
| | विभिन्न जडिबुटी संकलन ,प्रशोधन तथा खरिद बिक्री केन्द्र | ८००।- | ८००।- |
| | नेपाली कागज उद्योग | ७००।- | ७००।- |
| ७ | **खनीज उद्योग** | | |
| | खनीज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ५०००।- | ५०००।- |
| | ईटा टायल उद्योग व्यवसायमा | १००००।- | १००००।- |
| ८ | पर्यटन उद्योग | | |
| | पर्यटक, आवास, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, पदयात्रा, आदि उद्योग व्यवसायमा | | |
| | होटल (चिया, नास्ता तथा मिठाई समल) | ८००।- | ८००।- |
| | होटल (चिया, नास्ता तथा खाना समेत) | १०००।- | १०००।- |
| | होटल एण्ड लज (चिया, नास्ता तथा खाना समेत) | १०००।- | १०००।- |
| | होटल एण्ड लज (गेष्ट हाउस अट्याज्ड कोठा सहित) | २०००।- | २०००।- |
| | ट्रेकिङ तथा ट्राभल एजेन्सी | १०००।- | १०००।- |
| | होटल सम्बन्धी तालिम सञ्चालन गर्ने होटल/इस्टिच्युट | १०००।- | १०००।- |
| ९ | सेवा उद्योग | | |
| | छापाखाना, अपसेट प्रिन्टिङ्ग प्रेस | १५००।- | १५००।- |
| | छापाखाना (स्क्रीन प्रिन्टको सेवा सहितको) | १०००।- | १०००।- |
| | छापाखाना (साधारण) | ३००।- | ३००।- |
| १० | निर्माण उद्योग | | |
| | ग्रील उद्योग | २०००।- | २०००।- |

| | | | |
|---|---|---|---|
| | निजी क्षेत्रको हुलाक सेवा | १०००।- | १०००।- |
| | टेलिफोन वा मोवाईल सेवा प्रदायक कम्पनी (शाखा समेत) | २०००।- | २०००।- |
| | साईवर क्याफे र फोटोकपी सेवा (इमेल, इन्टरनेट सहितको) | १०००।- | १०००।- |
| | निजी क्षेत्रको कुरियर सेवाको शाखा कार्यालय | ८००।- | ८००।- |
| | पत्रपत्रिका छपाई तथा प्रकाशन | ७००।- | ७००।- |
| | टाईपिङ्ग तथा कम्प्युटर डेक्सटप सेवा | ८००।- | ८००।- |
| १२ | **बित्तीय सेवा** | | |
| | आर्थिक कारोवार गर्ने वाणिज्य बैंक | ३०००।- | ३०००।- |
| | आर्थिक कारोबार गर्ने विकास बैंक | २५००।- | २५००।- |
| | आर्थिक कारोबार गर्ने बित्तीय कम्पनीको मुख्य र शाखा कार्यालय | २०००।- | २०००।- |
| | मनी ट्रान्सफर सेवा | ८००।- | ८००।- |
| | बीमा कम्पनीको शाखा कार्यालय | १५००।- | १५००।- |
| | बिदेशी मुद्रा सटही | ८००।- | ८००।- |
| | सहकारी बैंक तथा बित्तीय ऋण सहकारी संस्था | १०००।- | १०००।- |
| १३ | **स्वास्थ्य सेवा** | | |
| | गैरसरकारी अस्पताल/सामुदायिक अस्पताल | १०००।- | १०००।- |
| | नर्सिङ्ग होम | २०००।- | २०००।- |
| | मेडिकल हल/औषधी पसल (डाक्टरको सेवा तथा ल्याव समेत उपलब्ध) | १५००।- | १५००।- |
| | मेडिकल हल/औषधी पसल (ल्यावको सेवा उपलब्ध) | १२००।- | १२००।- |
| | मेडिकल हल/औषधी पसल मात्र | १०००।- | १०००।- |
| १४ | **शिक्षा सेवा** | | |
| | निजी क्षेत्रका क्याम्पस, विश्व विद्यालय | ३०००।- | ३०००।- |
| | स्कुल, मन्टेश्वरी, छात्रावास | १०००।- | १०००।- |
| | कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १०००।- | १०००।- |
| | अन्तराष्ट्रिय गैरसरकारी संस्था | ३०००।- | ३०००।- |
| | राष्ट्रिय गैरसरकारी संस्था | २०००।- | २०००।- |
| १५ | **मर्मत संभार सेवा** | | |
| | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटर साईकल, टेम्पो मर्मत केन्द्र | २०००।- | २०००।- |
| | मोटर साईकल, टेम्पो तथा साईकल मर्मत केन्द्र | १०००।- | १०००।- |
| | रेडियो, टि.भी., घडी मर्मत केन्द्र | ८००।- | ८००।- |
| | प्रेशर कुकर, स्टोभ, हिटर तथा अन्य विविध मर्मत केन्द्र | ७००।- | ७००।- |
| १६ | अन्य सेवा | | |
| | बिज्ञापन सेवा/बिज्ञापन एजेन्सी/कम्पनी | १५००।- | १५००।- |
| | ब्युटी पार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो आदि | १२००।- | १२००।- |
| | शैलुन/हजाम सेवा | ८००।- | ८००।- |
| | सिलाई टेलरिङ सेवा (लेडिज एण्ड जेन्स)/सिलाई प्रशिक्षण केन्द्र समेत | १२००।- | १२००।- |
| | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | ८००।- | ८००।- |
| | माछा मासु बिक्रेता/फ्रेस हाउस | १२००।- | १२००।- |
| | फूल तथा बिरुवा बिक्रेता | ८००।- | ८००।- |
| | सिसा, प्लाईउड बिक्रेता | १०००।- | १०००।- |
| | भाँडाकुँडा बिक्रेता र खेलौना, उपहार (गिफ्ट) सामान बिक्रेता | १०००।- | १०००।- |
| | [illegible] | १२००।- | १२००।- |
| | [illegible] | १०००।- | १०००।- |

| | | | |
|---|---|---|---|
| १७ | अन्य व्यवसाय | | |
| | पार्क, पिकनिक स्पट, टुर अप्रेटर | २०००।- | २०००।- |
| १८ | **अस्थायी हाटबजार वा घुम्ती पसल (अस्थायी हाटबजार वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर लिईने छ)** | | |
| | घुम्ती पसल, ठेला समेतमा | रू. ७०-/ | रू. ७०-/ |
| | चौपाया प्रतिगोटा | रू. ५०-/ | रू. ५०-/ |
| | हाँस कुखुरा प्रतिगोटा | रू. १०-/ | रू. १०-/ |
| | साग सब्जी फलफूल पसल | रू. ५०-/ | रू. ५०-/ |
| | अन्य | रू. ३०-/ | रू. ३०-/ |
| १९ | **माथि समावेश नभएका सेवा, व्यवसायको कारोबारमा स्तर हेरी** | | |
| | पाउरोटी उद्योग | १०००।- | १०००।- |
| | कृषि बिउ बिजन भण्डार | १०००।- | १०००।- |
| | पशु औषधी पसल एग्रो भेट | १०००।- | १०००।- |
| | टेण्ट तथा क्याटरिङ्ग सर्भिस | २०००।- | २०००।- |
| | सभाहल सञ्चालन (व्यावसायिक प्रयोजनका लागि) | २०००।- | २०००।- |

## अनुसूचि -५

(दफा ६ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५९) बमोजिम

**बहाल बिटौरी शुल्कका दरहरू**

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने बहाल बिटौरी शुल्कको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | प्रति टहरो छाप्रो मासिक | रू २००।- |
| २ | प्रति घुम्ती मासिक | रू २००।- |
| ३ | प्रति ठेला मासिक | रू १००।- |

## अनुसूचि -६

(दफा ७ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (६०) बमोजिम

**पार्किङ शुल्कका दरहरू**

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने पार्किङ शुल्कको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | नगरपालिकाले तोकेको सवारी पार्कमा पार्किङ गरिएका बस, मिनिबस, ट्रक ट्याक्टरमा पार्किङ गर्ने समयको आधारमा एक पटकमा | रू.४०-/ |
| २ | नगरपालिकाले तोकेको कार पार्किङ क्षेत्रमा पार्किङ्ग गर्ने कारमा पार्किङ गर्ने समयको आधारमा एक पटकमा | रू.२०-/ |
| ३ | अन्य सवारी साधनहरुका लागि नगरपालिकाले तोकेका क्षेत्रहरुमा पार्किङ समयको आधारमा एक पटकमा | रू.१५-/ |

## अनुसूचि-७

(दफा ८ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (६१) बमोजिम

**<u>जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू</u>**

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने जडिबुटी, कवाडी र जीवजन्तु करको विवरण | करको दर |
|---|---|---|
| १ | नगरपालिकाले संभाव्यता अध्ययन गरी पहिचान गरेका विषयक्षेत्रहरूमा आवश्यक मापदण्ड तोकी आगामी हिउँदे वा विशेष नगरसभाबाट करका दरहरू स्वीकृत गरी कार्यान्वयनमा ल्याउन सकिनेछ । | |

## अनुसूचि -८

(दफा ९ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा ११ (२) घ. तथा दफा ६२ बमोजिम

**<u>सेवा शुल्क, दस्तुरका दरहरू</u>**

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने सेवा शुल्क ,दस्तुरको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | नेपाली नागरिकता प्रमाणपत्रको सिफारिस | |
| | वंशज र जन्मको आधारमा तथा अंगिकृत र बैवाहिक अंगिकृत | रू.५०-/ |
| | नागरिकता प्रतिलिपि सिफारिस | रू.५०-/ |
| | नामथर संशोधन तथा प्रमाणित | रू.५०-/ |
| | नाबालक परिचयपत्र सिफारिस | रू.१००-/ |
| २ | घरजग्गा सम्बन्धी विभिन्न सिफारिस | |
| | मोही लगत कट्टा सिफारिस | रू.३००-/ |
| | पुर्जामा घर कायम सिफारिस | रू.२००-/ |
| | जग्गाधनी पूर्जाको प्रतिलिपि सिफारिस | रू.२००-/ |
| | राजीनामा/रजिष्ट्रेशन पास सिफारिस | रू.४००-/ |
| | अंशबण्डा पास सिफारिस | रू.५००-/ |
| | बकस पास सिफारिस | रू.५००-/ |
| | नामसारी सिफारिस | रू.३००-/ |
| | सरबट्टी तथा छुट जग्गा दर्ता सिफारिस | रू.३००-/ |
| | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | रू.१००-/ |
| | घर पाताल सिफारिस | रू.१००-/ |
| | घरजग्गा सम्बन्धी अन्य सिफारिस | रू.२००-/ |
| ३ | चारकिल्ला तथा घरबाटो सिफारिस | |
| | घडेरी निवेदनबाट बढीमा २ कित्तासम्मको सिफारिसमा | रू.१००-/ |
| | घडेरी निवेदनबाट २ कित्ता भन्दा बढीको सिफारिसमा एमुष्ठ | रू.२००-/ |
| ४ | घरजग्गा अचल सम्पत्ती मूल्यांकन) विध्यार्थीलाई ४० प्रतिशत छुट( | रू.१ -/प्रति हजार |
| ५ | उद्योग, संस्था र व्यवसाय दर्ता तथा बन्द सम्बन्धी सिफारिस | |
| | घरेलु उद्योग स्थापनाको लागि सिफारिस | रू.१००-/ |
| | अन्य उद्योग स्थापनाको लागि सिफारिस | [illegible] |

| | | |
|---|---|---|
| | उद्योग तथा व्यवसाय ठाउँसारी सिफारिस | रू.२००-/ |
| | व्यवसाय सञ्चालन दर्ता तथा सिफारिस | रू.२००-/ |
| | उद्योग तथा व्यवसाय बन्द भएको सिफारिस | रू.३००-/ |
| | संस्था दर्ता सिफारिस | रू.५००-/ |
| | विद्यालय दर्ता, संचालन र स्तरवृद्धि दस्तुर तथा सिफारिस समेत | रू.५००-/ |
| ६ | **बिद्युत र धारा जडानको लागि सिफारिस** | |
| | घरायसी प्रयोजन बिद्युत मिटर सिफारिस | रू.१००-/ |
| | व्यावसायिक प्रयोजन बिद्युत मिटर सिफारिस | रू.२००-/ |
| | धारा जडानको लागि सिफारिस | रू.१००-/ |
| ७ | **नाता प्रमाणित** | |
| | जीवितसंगको नाता प्रमाणित | रू.२००-/ |
| | मृतकसंगको नाता प्रमाणित | रू.१००-/ |
| ८ | **अन्य बिबिध सिफारिस** | |
| | निवेदन दस्तुर | रू.५०-/ |
| | सवै किसिमका सर्जमीन दस्तुर | रू.२००-/ |
| | उजुरी दर्ता तथा मुद्धा दस्तुर | रू.३००-/ |
| | कोर्ट फी मिनाहा सम्बन्धी सिफारिस | रू.१००-/ |
| | अपुतालीको सिफारिस | रू.३००-/ |
| | कागज लिखत वा मन्जुरीनामा प्रमाणित | रू.३००-/ |
| | जीवित रहेको सिफारिस | रू.१००-/ |
| | हकवाला वा हकदार प्रमाणित | रू.२००-/ |
| | संरक्षक सिफारिस व्यक्तिगत | रू.१००-/ |
| | संरक्षक सिफारिस संस्थागत | रू.३००-/ |
| | हैसियत प्रमाणित सिफारिस | रू.२००-/ |
| | स्थायी वा अस्थायी बसोबास सिफारिस | रू.१००-/ |
| | बैदेशिक रोजगारको सिफारिस | रू.५००-/ |
| | स्वदेशी पेन्सन पट्टाको सिफारिस | रू.३००-/ |
| | विदेशी पेन्सन पट्टाको सिफारिस | रू.१०००-/ |
| | अंग्रेजी भाषामा गरिने )मूल्यांकन बाहेक (विभिन्न सिफारिस | रू.५००-/ |
| | पशु चौपाया सम्बन्धी सिफारिस | रू.३००-/ |
| | माथिको वर्गीकरणमा नपरेका अन्य विविध सिफारिस | रू.३००-/ |
| | समावेशी प्रमाणित सिफारिस | रु.२००/- |
| | पशु चौपाया प्रति गोटा १ वर्षको बच्चा सहित | रु.५००/- |
| | कृषि उपज सिफारिस प्रति टेक्टर/बैल गाडा | रु.५००/- |
| | कृषि उपज सिफारिस प्रति ठूलो गाडी | रु.१०००/- |
| | योजना/ कार्यक्रम सम्पन्न सिफारिस | रु.५००/- |
| | ज्येष्ठ नागरिकको मृत्यु पश्चात हकवालालै सिफारिस दस्तुर | रु.५००/- |
| | पुरानो घरको लागि नक्सा किताव खरिद दस्तुर | **रु.१५००/-** |
| | नयाँ घरको लागि नक्सा किताव खरिद दस्तुर | **रु.२०००/-** |
| ९ | **व्यक्तिगत घटना सम्बन्धी सिफारिस** | |
| | पंजीकरण ऐन लागु हुन अघिको जन्म प्रमाणित र बिवाह दर्ता प्रमाणित | रू.२००-/ |
| | पंजीकरण ऐन लागु भएपछिको जन्म प्रमाणित र बिवाह दर्ता प्रमाणित | रू.१००-/ |

| | | |
|---|---|---|
| | पंजीकरण ऐन लागु हुन अघिको सम्बन्ध विच्छेद प्रमाणित | रू.५००-/ |
| | पंजीकरण ऐन लागु भएपछिको सम्बन्ध विच्छेद प्रमाणित | रू.३००-/ |
| | बसाइ सराइ प्रमाणित | रू.२००-/ |
| | चारित्रिक सिफारिस तथा प्रमाणित | रू.२००-/ |
| | बसोबास सिफारिस तथा प्रमाणित | रू.२००-/ |
| १० | नयाँ व्यक्तिगत घटना दर्ता | |
| | सबै व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र | नि:शुल्क |
| | अर्को ३५ दिनसम्म जरिवाना | रू.५०-/ |
| | ७० दिनपछि जरिवाना | रू.१००-/ |
| ११ | बिशेष सिफारिसहरु | |
| | विपन्नता तथा छात्रवृत्ति सिफारिस | नि:शुल्क |
| | सामाजिक सुरक्षा कार्यक्रमका लागि नामावली सिफारिस | नि:शुल्क |
| | प्राकृतिक प्रकोप पिडित राहत सिफारिस | नि:शुल्क |
| | स्वास्थ्य उपचारको सिफारिस | नि:शुल्क |
| | अशक्त अपाङ्ग परिचय पत्रको सिफारिस | नि:शुल्क |
| | असहाय, अशक्त आर्थिक सहायता सिफारिस | नि:शुल्क |
| १२ | नगरपालिकाले व्यवस्थापन गरेका निम्न स्थल सेवाहरूको उपयोग गरे बापत | |
| | सेमिनार हल ,तालिम हल) संचालनमा आएमा पछि तोकिने( | |
| | आधुनिक शवदाह गृह) संचालनमा आएमा पछि तोकिने( | |
| | सरसफाई सेवा शुल्कः नगरपालिकाको सफाई साधन/गाडीबाट फोहर मैला संकलन गरिने बजार क्षेत्रमा प्रतिघर प्रतिमहिना | रू.२००-/ |
| १३ | घर नक्सापास दस्तुर | |
| | (क) RCC फ्रेम स्ट्रक्चरबाट निर्माण भएको घर भवन (प्रति वर्ग फिट) | रू.४।- प्रतिवर्ग फिट |
| | (ख) RCC फ्रेम स्ट्रक्चर बाहेक ढुंगा र सिमेन्ट वा माटोको जोडाईले बनेको छत ढलान भएको वा जस्तापाता अथवा टायल लगायत अन्य सामाग्रीबाट छाना निर्माण भएको घर भवन (प्रति वर्ग फिट) | रू.२।- प्रतिवर्ग फिट |
| | (ग) माथि उल्लेखित (क) र (ख) बाहेक अन्य निर्माण सामाग्रीबाट बनेको सबै किसिमका कच्ची घर भवन | रू.१।- प्रतिवर्ग फिट |
| | (घ) कम्पाउण्ड वाल तथा अन्य शेड एवं टहरा | रू.१।- प्रतिवर्ग फिट |
| | (ङ) नक्सापास आवेदन (पुस्तिका र फायल) फारम शुल्क | रू. २००।- |
| | (च) निर्माण सम्पन्न प्रमाण पत्र जारी शुल्क | रू. ३००।- |
| | (छ) नक्सापास प्रमाण पत्र वा ईजाजत नामसारी (कुनैपनि कारणले स्वामित्व परिवर्तन भएको अवस्थामा)<br>• (क) र (ख) बमोजिमको संरचनामा रू. ३००।-<br>• (ग) बमोजिमको संरचनामा रू. १००।-<br>• (घ) बमोजिमको अन्य शेड एवं टहरामा रू. २००।- | |
| १४. | कपाली तमसुक प्रमाणित दस्तुर<br>क.१० लाख सम्मको दस्तुर<br>ख.१० देखि ५० लाख सम्मको दस्तुर<br>ग. ५० देखि १ करोड सम्मको दस्तुर | २००/-<br>५००/-<br>१०००/- |

अनुसूचि-९

(दफा १० संग सम्वन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (६४) को उपदफा (१) (क) बमोजिम

<u>सवारी साधन करका दरहरू</u>

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने सवारी साधन करको विवरण | करको दर |
|---|---|---|
| १ | टाँगा रिक्सा अटो रिक्सा र ई रिक्साको नयाँ सवारी दर्ता शुल्क | रू.२००-/ |
| २ | टाँगा रिक्सा अटो रिक्सा र ई रिक्साको वार्षिक सवारी कर | रू.२००-/ |

अनुसूचि -१०

(दफा ११ संग सम्वन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (६४) को उपदफा (१) (ग) बमोजिम

<u>विज्ञापन करका दरहरू</u>

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने विज्ञापन करको विवरण | करको दर |
|---|---|---|
| १ | कपडाको व्यानर वनाई विज्ञापन गरे वापत प्रतिवर्ग मिटर | रू.२०-/ |
| २ | पसलमा राखिएको स्थायी होडिङ बोर्ड/साईनवोर्डमा वार्षिक प्रतिवर्ग फिट | रू.२५-/ |
| ३ | होडिङ बोर्डको मुख्य सडक र बजारक्षेत्र वार्षिक प्रतिवर्ग फिट | रू.४०-/ |
| ४ | होडिङ बोर्डको मुख्य सडक बाहेक अन्य क्षेत्र र सडकमा वार्षिक प्रतिवर्ग फिट | रू.३०-/ |

प्रस्ताव नं. २:- पोखरीको ठेक्का सम्बन्धमा ।

निर्णय नं.२:- यस पचरौता नगरपालिका तपसिल अनुसारको पोखरीको ठक्काको लागि न्युन्तम मुल्य काय गरि ठेक्काको सुचना प्रकाशन गर्दा कुनैपनि व्यक्ति/फर्मले ठेक्का फर्म खरिद नगरकोले सो लाइ मध्ये नजर गरि तपसिल अनुसारको मुल्य कायम गरि सो पोखरीको सुचना पुन: प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

| क स | गत ठेक्का नं. | ठेक्का हुने पोखरीको विवरण | गत न्युन्तम ठेक्का अंक | न्युन्तम ठेक्का अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४/२०७६/०७७ | साविक गा बि स पिपरपाती पचरौता वडा नं. ६र ७ हाल पचरौता नगरपालिका वडा नं. १ को किता नं. ४४, ४५, ४६, ३७८, र ३०३ को ज वि ३-८-०१ | रु.४०,००,०००।०० अक्षेरुपी चालिस लाख मात्र । | ३०,००,०००।०० अक्षेरुपी तिस लाख मात्र । | |
| २ | ५/२०७६/०७७ | साविक गा वि स श्रीनगरबैरिया वडा नं.८ हाल पचरौता नगरपालिका वडा नं. ३ को किता नं. २३३ को ज.वि. २-३-० | रु.१०,००,०००।०० अक्षेरुपी दश लाख मात्र । | रु.७,००,०००।०० अक्षेरुपी सात लाख मात्र । | |
| ३ | ६/२०७६/०७७ | साविक गा वि स अमरपटी वडा नं. ६ र ९ हाल पचरौता नगरपालिका वडा नं. ८ किता नं. २० र २१६ ज वि ३-३-१० | रु.१५,००,०००।०० अक्षेरुपी पन्ध्र लाख मात्र । | रु.८,००,०००।०० अक्षेरुपी आठ लाख मात्र । | |

एकमुस्ट जम्मै रकम भुक्तानी गरेमा ठेक्का रकमको १० प्रतिशत छुट दिइनेछ ।

प्रस्ताव नं.३:- सुचि दर्ता सम्बन्धमा ।

निर्णय नं.३:- यस नगरपालिका अन्तरगत कुनै पनि संघसंस्था/ फर्म/ सप्लायर्सलाइ सुचिकृत दर्ता गर्दा सुचिकर्त दर्ता शुल्क रु ३००। तिन सय मात्र लिने निर्णय गरियो।

प्रस्ताव नं.४:- मालपोत कर सम्बन्धमा ।

निर्णय नं.४:- यस नगरपालिका अन्तरगत आ.ब.२०७७/७८ को पाचौं नगर सभा बाट लागु गरिएका मालपोत कर अब निम्नानुसार लागु गर्नको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

| क.स. | जमिनको प्रकार | प्रति धुर दर रेट | कैफियत |
|---|---|---|---|
| १. | अव्वल | ६० पैसा | |
| २. | दोयम | ५५ पैसा | |
| ३. | सिम | ५० पैसा | |
| ४. | चाहार | ४५ पैसा | |

नोट - २० रुपैया भन्दा कमको वार्षिक कर तिर्ने जग्गा भएकोमा न्युनतम रु ~~१०~~ २० तिर्ने दर कायम गर्ने।